युवा तथा विद्यार्थी मतदाताहरूलाई जागरूक गराउँदै विभाग

गेजिङ, ९ जुलाई (निसं): एसआईआर-२०२६ अन्तर्गत सञ्चालन भइरहेको मतदाता सचेतना अभियानलाई निरन्तरता दिँदै गेजिङ जिल्लाले निर्वाचन साक्षरता क्लब तथा शैक्षिक संस्थाहरूमा अध्ययनरत युवा मतदाताहरूको सक्रिय सहभागिता बढाउने उद्देश्यले विभिन्न सचेतनामूलक कार्यक्रमलाई तीव्रता दिएको छ। अभियानअन्तर्गत विद्यार्थी तथा युवा मतदाताहरूलाई एसआईआरको महत्वबारे जानकारी गराउन निबन्ध लेखन, चित्रकला, कविता वाचनलगायत विविध प्रतियोगिताहरू आयोजना गरिँदै आएको छ।

यस्ता कार्यक्रममार्फत युवाहरूमा निर्वाचन प्रक्रिया, मतदाता दर्ता तथा लोकतान्त्रिक सहभागिताबारे सचेतना अभिवृद्धि गर्ने लक्ष्य राखिएको छ। यी गतिविधिहरू जिल्लापाल तेन्जिङ डी. डेन्जोङ्पाको निर्देशनमा सञ्चालन भइरहेका छन् भने कार्यक्रमको समन्वय एसभीईईपीका नोडल अधिकारी तथा शिक्षा विभागका संयुक्त निर्देशक राजेश थापाले गरिरहेका छन्। यस अभियानअन्तर्गत तयार पारिएको भिडियोमा पीएम श्री सरकारी कन्या वरिष्ठ माध्यमिक विद्यालय, क्योङ्सा, गेजिङ जिल्लाकी कक्षा ११ की छात्रा अदिति गुरुङलाई समेटिएको छ। उनले एसआईआर-२०२६ को महत्वबारे सन्देश दिँदै युवा मतदाताहरूलाई लोकतान्त्रिक प्रक्रियामा सक्रिय सहभागिता जनाउन आग्रह गरेकी छन्।

पीसीएसका नवनिर्वाचित कार्यसमितिलाई प्रेस सचिव र मिडिया संयोजिकाद्वारा बधाई

गान्तोक, ९ जुलाई (निसं): मुख्यमन्त्री प्रेमसिंह तामाङका प्रेस सचिव युगेन तामाङ र मुख्यमन्त्रीकी मिडिया संयोजिका दिछेन ओङमु भोटियाले बुधबार प्रेस क्लब अफ सिक्किमका नवनिर्वाचित कार्यकारी समितिका पदाधिकारीहरूसँग शिष्टाचार भेट गर्दै बधाई तथा शुभकामना व्यक्त गरेका छन्। भेटका क्रममा राज्यको प्रेस तथा सञ्चार क्षेत्रको वर्तमान अवस्था, पत्रकारिताको भूमिका तथा सञ्चार क्षेत्रसँग सम्बन्धित समसामयिक विषयमा छलफल भएको थियो। यसअघि मंगलबार मुख्यमन्त्री प्रेमसिंह तामाङले आफ्नो सरकारी निवास मिन्तोगाङमा प्रेस क्लब अफ सिक्किमका नवनिर्वाचित कार्यसमितिसँग भेट गरी नयाँ नेतृत्वलाई बधाई तथा सफल कार्यकालका लागि शुभकामना दिएका थिएका थिए।

सो अवसरमा उनले राज्यको प्रेस तथा सञ्चार क्षेत्रको विकासका लागि सरकारले निरन्तर सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको थियो। प्रेस सचिव युगेन तामाङले अध्यक्ष समीरहाङ लिम्बूको नेतृत्वमा गठित नयाँ कार्यसमितिमा युवा ऊर्जा र अनुभवी नेतृत्वको सशक्त समिश्रण रहेको उल्लेख गर्दै यसले प्रेस क्लबको भूमिकालाई अझ प्रभावकारी बनाउने विश्वास व्यक्त गरे। उनले स्वतन्त्र, निष्पक्ष र जिम्मेवार सञ्चार माध्यमले लोकतन्त्रलाई सुदृढ बनाउने उल्लेख गर्दै प्रेस क्लबले यस दिशामा निरन्तर योगदान पुऱ्याउने अपेक्षा व्यक्त गरे। मिडिया संयोजिका दिछेन ओङमु भोटियाले पनि राज्यको प्रेस तथा सञ्चार क्षेत्रसँग सम्बन्धित गतिविधिबारे चर्चा गर्दै नवनिर्वाचित कार्यसमितिलाई बधाई तथा आगामी स्थापना दिवसको शुभकामना व्यक्त गरिन्। प्रेस क्लब अफ सिक्किमका अध्यक्ष समीर हाङ लिम्बूले बधाई तथा शिष्टाचार भेटका लागि सचिव युगेन तामाङ र मिडिया संयोजिका दिछेन ओङमु भोटियाप्रति आभार व्यक्त गरे।

क्याप सिक्किमले पनि २१२औं भानुजयन्ती पालन गर्ने

गान्तोक, ९ जुलाई(निसं): सिटिजन एक्शन पार्टी-सिक्किम (क्याप-सिक्किम) ले पनि २१२औं भानुजयन्ती पालन गर्ने भएको छ। यस सम्बन्धमा आज पार्टीको साहित्य परिषद्को समन्वय सभा आज रानीपूलस्थित पार्टीको मुख्य कार्यालयमा बस्यो। सभालाई पार्टीकी उपाध्यक्ष सुमति छेत्रीले अध्यक्षता गरेकी थिइन्। सभाले आगामी १२ जुलाईको दिन २१२औं भानुभक्त जयन्ती पार्टी कार्यालय परिसरमा भव्य तथा गरिमामय रूपमा मनाउने निर्णय गर्दै कार्यक्रमलाई सफल बनाउन सञ्चालन समिति गठन गरेको छ। समितिको अध्यक्षमा सुमति छेत्री, उपाध्यक्षमा दिपेन्द्र राई, महासचिवमा जिग्मी भुटिया तथा सचिवमा योगेश खतिवडा चयन भएका छन्। पार्टीले भानुभक्त जयन्ती समारोहका प्रमुख अतिथिका रूपमा पार्टी अध्यक्षलाई औपचारिक निमन्त्रणा दिने निर्णय गरेको छ। आजको सभामा आगामी कार्यक्रमलाई व्यवस्थित, मर्यादित तथा साहित्यिक वातावरणमा सञ्चालन गर्ने विषयमा विस्तृत छलफल गरियो। सहभागीहरूले नेपाली भाषा तथा साहित्यका आदिकवि भानुभक्त आचार्यले नेपाली भाषा, साहित्य र समाजमा पुऱ्याएको अतुलनीय योगदानको स्मरण गर्दै कार्यक्रमलाई अर्थपूर्ण, प्रेरणादायी र गरिमामय ढङ्गले सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

राष्ट्रियस्तर भानुजयन्ती २०२६

दार्जीलिङ-सिक्किमका प्रतिभाशाली कवि र कलाकारहरू एउटै मञ्चमा

सोरेङ, ९ जुलाई (निसं): सोरेङ जिल्लामा जारी राष्ट्रियस्तरको भानुजयन्ती समारोहको सातौँ दिन स्वास्थ्य विभागका मन्त्री जीटी ढुङ्गेल प्रमुख अतिथिका रूपमा सहभागी थिए। भाषा, साहित्य विकास एवं जातीय सद्भावनाको पहलमा सोरेङ डाकबंगला कम्प्लेक्स हलमा आयोजित कार्यक्रममा मन्त्री ढुङ्गेलले डाक बंग्लाको ऐतिहासिक महत्त्व स्मरण गर्दै प्रस्तुत गरिएका सांस्कृतिक कार्यक्रमहरूको प्रशंसा गरे। उनले आदिकवि भानुभक्त आचार्यले आफ्ना साहित्यिक कृतिमार्फत नेपालीभाषी समुदायलाई एकताबद्ध बनाउन पुर्योएको अतुलनीय योगदानको चर्चा गरे। मन्त्री ढुङ्गेलले युवाहरूलाई खेलकूद, कला, साहित्य तथा संस्कृतिलगायत विभिन्न क्षेत्रमा निरन्तर प्रोत्साहन प्रदान गरिरहेकोमा मुख्यमन्त्री प्रेमसिंह तामाङप्रति आभार व्यक्त गरे। उनले अनुशासनलाई मानव विकासको आधार मान्दै रामायण पाठले अध्यात्म, एकता र अनुशासनका मूल्य स्थापित गर्न महत्वपूर्ण भूमिका खेल्ने बताए।

रामायण पाठ प्रतियोगितामा नाम्चेबुङ, स्यारी, याङथाङ, सोरेङ-च्याखुङ, माङसिला तथा तिमी-नाम्फिङ निर्वाचन क्षेत्रका टोलीहरूले सहभागिता जनाएका थिए। राष्ट्रियस्तरीय रामायण पाठ प्रतियोगितामा माङसिला प्रथम, तिमी-नाम्फिङ दोस्रो र तथा नाम्चेबुङ तेस्रो बने। यसैगरी अन्तरमहाविद्यालय लोकगीत प्रतियोगितामा दार्जीलिङ सरकारी महाविद्यालय प्रथम, नरबहादुर भण्डारी डिग्री कलेज दोस्रो र बीएड कलेज, सोरेङ तेस्रो भएको थियो। रामायण पाठ तथा अन्तरमहाविद्यालय लोकगीत प्रतियोगिताको निर्णायक मण्डलमा दार्जीलिङका ख्यातिप्राप्त कलाकारहरु दुर्गा खरेल, डेजी बराइली तथा दावा ग्याल्मो रहेका थिए। वरिष्ठ माध्यमिक तथा माध्यमिक तहको चित्रकला प्रतियोगितामा रम्फू वरिष्ठ माध्यमिक विद्यालयकी छात्रा सिमरन राई प्रथम, याङगाङ वरिष्ठ माध्यमिक विद्यालयकी छात्रा नुस्ममा राई दोस्रो तथा रिनाक वरिष्ठ माध्यमिक विद्यालयका छात्र निमेश राई तस्रो बन्न सफल भए। त्यसैगरी अन्तरमहाविद्यालय कविता वाचन प्रतियोगितामा साउथफिल्ड महाविद्यालयकी छात्रा सुकृति सुब्बा प्रथम, नाम्ची सरकारी महाविद्यालयकी छात्रा दीपशिखा छेत्री दोस्रो तथा दार्जीलिङ सरकारी महाविद्यालयकी छात्रा स्वेलिन लेप्चा तेस्रो घोषित भइन्।

आजको राशिफल

मेषः तपाईमाथि डाह गर्ने धेरै छ। यसैले तपाईले कसैको डाह गर्नु उचित हुने छैन। आफूलाई सुधार्नु समयको माग हो। एकान्तमा बसेर स्वयंलाई खोज्ने गर्नु होस।

वृषः तपाईंको प्रगति देखेर जल्ने धेरै छन्। नदी जस्तै आफ्नो कर्म र धर्मको निर्वाह गर्दै जानुहोस्। कसैको केही लाग्ने छैन।

मिथुनः कसैले पनि तपाईलाई विश्वास र भरोसा गर्न सकिन्न। आफ्नो कार्य आफैले गर्ने आदत बसाल्नु पर्नेछ।

कर्कटः टाढोको यात्राको कार्य बनिन्दैछ। यात्रालाई अध्यात्मसित जोड्न सके तपाईंहरूले धेरै राम्रो फल पाउनु हुनेछ।

सिंहः तपाईले सोचेको भन्दा दोब्बर सिर्जनात्मक काम गर्नु हुनेछ। कामको बुतामा सबैको मन जित्नु हुनेछ।

कन्याः आवश्यकता भन्दा अधिक कसैसित कुराकानी गर्नु तपाईंको लागि नै घातक हुनेछ।मित्रबाट टाढो बस्नु होस।

तुलाः चिनेको जानेको मान्छेबाट धोका पाउनु हुनेछ। ठूलाले भनेको कुरो काटेर जानु राम्रो हुने छैन।

वृश्चिकः हुन लागेको काममा बाधा आउनेछ। परिश्रम गरिरहे सफलता पाउनदेखि कसैलाई रोक्न सक्ने छैन।

धनुः तपाईले यसघरि मन सफा राख्नु पर्नेछ। चार चक्के वाहनबाट टाढो बसेको राम्रो हुनेछ।

मकरः आफूसित मिल्ने कसैसित पनि रूपियाँ पैसाको लेनदेन गर्नु उचित हुने छैन। शत्रुता बढ्नेछ।

कुम्भः कसैलाई सोच्नुको साटोमा आफैलाई सोचेर काम गर्नु पर्नेछ। कसैको लहै लहैमा लागेर भूल बाटोमा हिँड्नु हुँदैन।

मीनः तपाईंको सुस्ततालै हुनै लागेको काम हुने छैन। कसैमाथि भरोसा नगर्नु होस्। ब्यापारमा लगानी गर्दा सोचेर गर्नुपर्नेछ। कतै कानूनी मामला फस्न सक्नु सम्भावना रहेको छ।

नेसापको अन्तर्विद्यालय नृत्य प्रतियोगिताको खिताब बोझोघारी स्कूलको झोलीमा

गान्तोक, ९ जुलाई (निसं): २१२औँ भानुजयन्तीको अवसरमा नेपाली साहित्य परिषद् सिक्किमद्वारा आयोजित तीनदिने अन्तर्विद्यालय नृत्य प्रतियोगिताअन्तर्गत तेस्रो दिन १८ वटा विद्यालयको सहभागितामा सामूहिक नेपाली लोकनृत्य प्रतियोगिता टाशी नामग्याल वरिष्ठ माध्यमिक विद्यालयको प्रेक्षागृहमा सम्पन्न गरियो। कार्यक्रममा वरिष्ठ नाटककार एवं साहित्यकार चुनिलाल घिमिरे मुख्य अतिथिका रूपमा उपस्थित थिए भने परिषद्का अध्यक्ष हरि ढुङ्गेलको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो। प्रतियोगितामा गान्तोक आसपासका १८ विद्यालयका विद्यार्थीहरूले नेपाली लोकसंस्कृति, मौलिक परम्परा तथा सांस्कृतिक विविधतालाई झल्काउने आकर्षक लोकनृत्य प्रस्तुत गरेका थिए। निर्णायक मण्डलमा वरिष्ठ नृत्य प्रशिक्षक कोमल गुरुङ, कलाकार दिलु तामाङ तथा नृत्य प्रशिक्षिका अनु प्रधान रहेका थिए।

कडा प्रतिस्पर्धापछि बोझोघारी वरिष्ठ माध्यमिक विद्यालय प्रथम, देउराली वरिष्ठ कन्या विद्यालय दोस्रो तथा टाशी नामग्याल वरिष्ठ माध्यमिक विद्यालय तेस्रो घोषित भए।

मुख्य अतिथि घिमिरेले आफ्नो सम्बोधनमा नेपाली साहित्य परिषद् सिक्किमले नेपाली भाषा, साहित्य, संगीत तथा संस्कृतिको संरक्षण र प्रवर्द्धनमा उल्लेखनीय योगदान पुर्याएकोमा परिषद्को प्रशंसा गरे। उनले यस्ता प्रतियोगिताले नयाँ पुस्तामा नेपाली भाषा, लोककला तथा सांस्कृतिक सम्पदाप्रति प्रेम, सम्मान र गौरवको भावना अभिवृद्धि गर्ने विश्वास व्यक्त गरे। साथै, विजेता तथा सहभागी सबै विद्यालय, विद्यार्थी, शिक्षक र अभिभावकलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गरे। भानुजयन्ती पूर्व आयोजित यस प्रतियोगिताले नेपाली लोकसंस्कृतिको संरक्षण, प्रवर्द्धन तथा विद्यालयस्तरमा सांस्कृतिक चेतनाको विकासमा महत्वपूर्ण योगदान पुर्याएको उनले बताए।

पैह्रोले घर . . .

बजीतिर ठूलो आवाज मात्रै आएको सुनियो। तर त्यो आवाज के-को हो भन्नेबारे अनुमान लगाउन गाह्रो परिरहेको थियो। हामी घरमा तीनजना थियौं, तर उक्त पैह्रोले कसैलाई केही भएन। तर माथिबाट आएको पैह्रो आफ्नो घरभित्र पसेको तिनलाई थाहै नभएको बताए। गाउँलेहरू उठेर हल्ला गर्दा मात्रै आफूलाई आफ्नै घरभित्र पैह्रोको कारण आएको माटो, हिलो आदि पसिसकेको थाह लागेको पनि तिनले बताए। यसरी नै मीरा तामाङको घरको दैलोबाट नै पैह्रो गएको स्वयम् मीरा तामाङले बताएकी छन्। तिनले उक्त पैह्रोमा तारपोलिन लगाएर आफ्नो घरलाई सुरक्षित पार्ने कार्य गरेकी छन्। तिनले आफ्नो घरअघिको देवाललाई पैह्रोले लगेको कारण उक्त पैह्रो सम्बन्धित विभागले बनाइदियोस् भन्ने अपील गरेकी छन्।

तिनले भनिन्, घरअघि पैह्रोले लगेको देवाल पुनः लगाउने क्षमता मसित छैन। यसैले यो देवाल सम्बन्धित विभागले बनाइदिए उचित हुने तिनको अनुरोध छ। यसरी नै स्थानीय दार्जीलिङ जूदेखि ठीक मुनि पनि एउटा रूख ढलेको जानकारी पाइएको छ। जसको कारण बर्चहिल रोड बिहीवार बिहान केही समयसम्म अवरुद्ध रहेको थियो।

मन्त्री गुरुङद्वारा पैह्रो प्रभावित सड़क शीघ्र मरम्मतिको निर्देश

पाकिम, ९ जुलाई (निसं): छुजाचेन निर्वाचन क्षेत्रका विधायक एवं कृषि, बागवानी तथा पशुपालन मन्त्री पुरण गुरुङले सम्बन्धित विभागीय अधिकारीहरूसहित छलामथामदेखि लोवर तारेथाङ जाने सडकको संयुक्त निरीक्षण गरेका छन्। गत केही दिनदेखि परेको निरन्तर वर्षाका कारण प्रधानमन्त्री ग्राम सडक योजनाअन्तर्गत निर्माण गरिएको उक्त सडकका विभिन्न स्थानमा क्षति पुगेपछि स्थानीयवासीको आवागमन प्रभावित भएको छ।

निरीक्षणका क्रममा टोलीले क्षतिग्रस्त सडक खण्डहरूको पहिचान गर्दै यथाशीघ्र पुनःस्थापनाका लागि सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिएको छ। मन्त्री गुरुङले सम्बन्धित विभागलाई तत्काल जनशक्ति तथा आवश्यक मेसिनरी परिचालन गरी पहिरो र माटो-ढुङ्गा हटाएर अस्थायी रूपमा सडक सञ्चालनमा ल्याउन निर्देशन दिए। साथै, हल्का सवारीसाधनको आवागमन सहज बनाउन सडक खुला भएपछि ढुङ्गाको सोलिडसहित मिश्रित भराइ गर्ने कार्य पनि अघि बढाउन उनले आग्रह गरे। उनले हाल नदीको जलस्तर उच्च रहेकाले नदी किनारमा सुरक्षा वाल निर्माण गर्नु सुरक्षित नभएको उल्लेख गर्दै उक्त कार्य मनसुन समाप्त भएपछि सञ्चालन गरिने जानकारी दिए। स्थानीयवासीसँगको अन्तरक्रियाका क्रममा लोवर तारेथाङका बासिन्दाले क्षतिग्रस्त सडकको स्थायी पुनःनिर्माण तथा पुनःस्थापना यथाशीघ्र गरिदिन मन्त्री तथा सम्बन्धित विभागसँग माग गरेका छन्।

प्रमाणित शिक्षण पद्धतिलाई शिक्षा व्यवस्थामा समावेश गर्नु समयको माग : शिक्षा मन्त्री

गान्तोक, ९ जुलाई (निस): राज्य सरकारका शिक्षा मामिला मन्त्री राजु बस्नेतको अध्यक्षतामा बुधवार शिक्षा विभागका अधिकारीहरू तथा नयाँ दिल्लीका प्रतिनिधिहरूसँग महत्वपूर्ण बैठक सम्पन्न भयो। बैठकमा जिल्ला शिक्षा तथा तालिम संस्थानमार्फत सञ्चालन हुने डिप्लोमा इन एलिमेन्टरी एजुकेशन पाठ्यक्रममा आधारभूत संख्यात्मक सीप समावेश गर्ने विषयमा विस्तृत छलफल गरिएको थियो। बैठकलाई सम्बोधन गर्दै मन्त्री बस्नेतले आधारभूत साक्षरता र संख्यात्मक सीप गुणस्तरीय शिक्षाको मेरुदण्ड भएको उल्लेख गर्दै प्रभावकारी र प्रमाणित शिक्षण पद्धतिलाई शिक्षक शिक्षामा समावेश गर्नु समयको आवश्यकता भएको बताए। उनले यसबाट नयाँ शिक्षकहरू शुरुदेखि नै कक्षाकोठामा प्रभावकारी शिक्षण गर्न सक्षम हुने विश्वास व्यक्त गरे।

मन्त्री बस्नेतले राज्यमा गणित शिक्षालाई सुदृढ बनाउन एससीईआरटी र जोडो ज्ञानले संयुक्त रूपमा गरिरहेको प्रयासको प्रशंसा गर्दै प्रत्येक बालबालिकाका लागि आकर्षक, समावेशी तथा दक्षतामा आधारित तालिमको वातावरण निर्माण गर्न सबै सरोकारवालाहरूबीच निरन्तर सहकार्य आवश्यक रहेकोमा जोड दिए। बैठकमा शिक्षा विभागका प्रमुख सचिव डा. सन्दीप ताम्बे, विद्यालय

शिक्षा सचिव-सह-समग्र शिक्षा राज्य परियोजना निर्देशक टाशी छोपेल लेप्चालगायत शिक्षा विभागका वरिष्ठ अधिकारीहरू उपस्थित थिए। छलफलका क्रममा एससीईआरटी तथा जोडो ज्ञानको टोलीले मुख्यमन्त्री विशेष संख्यात्मक कार्यक्रमको कार्यान्वयन तथा हालसम्मको प्रगतिबारे प्रस्तुति दिएको थियो। कार्यक्रममा राज्यभरिका सरकारी प्राथमिक विद्यालयहरूमा अनुभवात्मक तथा गतिविधिमा आधारित गणित शिक्षण पद्धति लागू गरिएकाले कक्षाकोठा शिक्षण थप अन्तर्क्रियात्मक, प्रभावकारी र विद्यार्थी-केन्द्रित बनेको जानकारी दिइयो। एससीईआरटी र जोडो ज्ञान एजुकेशनल सर्भिसेजको संयुक्त पहलमा सञ्चालित उक्त कार्यक्रमअन्तर्गत शैक्षिक वर्ष २०२५-२६ मा करिब १,१०० शिक्षकहरूलाई व्यापक क्षमता अभिवृद्धि तालिम प्रदान गरिएको जानकारी दिइयो।

यस कार्यक्रमले साना विद्यार्थीहरूमा आधारभूत संख्यात्मक सीप विकास हुनुका साथै गणितप्रति आत्मविश्वास, जिज्ञासा र सकारात्मक सोच अभिवृद्धि गर्न योगदान पुर्याकएको जानकारी दिइयो। बैठकमा विशेष संख्यात्मक शिक्षण ढाँचालाई डीएलएड पाठ्यक्रममा समावेश गरी सेवा-पूर्व शिक्षक शिक्षालाई संस्थागत बनाउने विषयमा समेत विशेष जोड दिइएको थियो। यसबाट भावी शिक्षकहरूलाई शिक्षण पेशामा प्रवेश गर्नुअघि नै आधुनिक, बालमैत्री तथा विद्यार्थी-केन्द्रित शिक्षण विधिमा दक्ष बनाउँदै सिक्किममा गुणस्तरीय आधारभूत शिक्षाको दीर्घकालीन दिगोपन सुनिश्चित गर्ने लक्ष्य रहेको जनाइएको छ।

गेजिङमा . . .

जानकारी गराए। बैठकले सङ्गठन सञ्चालनमा पारदर्शिता र जवाफदेहिताप्रति प्रतिबद्धता दोहोऱ्याएको छ। सभालाई सम्बोधन गर्दै पार्टी अध्यक्ष गणेश कुमार राईले सङ्गठनलाई बलियो बनाउन एकता, समर्पण, इमानदारी र अनुशासनका साथ काम गर्न सबै नेता तथा कार्यकर्तालाई आह्वान गरे। उनले जनतासँगको सम्पर्कलाई अझ सशक्त बनाउँदै आगामी सङ्गठनात्मक कार्यक्रम सफल बनाउन सबै तहका पदाधिकारी सक्रिय हुनुपर्नेमा जोर दिए। बैठकमा पार्टीका सङ्गठन उपाध्यक्ष किरण जिम्बा, रामचन्द्र राई, सङ्गठन महासचिव प्रकाश पराजुली, गेजिङ जिल्ला अध्यक्ष ओड्दिला भुटिया, जिल्ला उपाध्यक्ष अञ्जु शर्मा, राज्य महिला परिषद्की उपाध्यक्ष दिलमती लिम्बु, जिल्ला महिला परिषद् अध्यक्ष कला सुबेदी, जिल्ला महासचिव खगेन दाहाल, विद्यार्थी परिषद् गेजिङ जिल्ला अध्यक्ष रीमा चापाघाईलगायत जिल्ला कार्यकारिणी सदस्यहरूको उपस्थिति रहेको थियो।

ADVT

डियर साप्ताहिक लटरीको ₹१ करोड़का विजेता बने खड़गपुरका एक निवासी

पश्चिम बंगाल, खड़गपुरका निवासी तारापद बसुले दिनांक **01.05.2026** मा ड्र भएको डियर साप्ताहिक लटरीको टिकट नम्बर **99D 75167** मा एक करोड़ रुपियाँको प्रथम पुरस्कार जितेका छन्। तिनले सिक्किम राज्य लटरीमा पुरस्कारको मागको फारमसहित आफ्नो विजयी टिकट जमा गरेका छन्। विजेताले भने, कसैले पनि ठूलो सपना देख्न सक्छन् तर वास्तवमा त्यो पूरा हुनु कठीन छ। प्रायः जसो सबै मानिसको लागि आर्थिक रूपमा दह्रिलो हुनु महत्त्वपूर्ण विषय हो। डियर लटरीले अति कम्ती खर्चमा हामीलाई करोड़पति बन्ने अवसर प्रदान गरेको छ। म डियर लटरीको यस पहलको समर्थन गर्छु। डियर लटरीको प्रत्येक खेला सोझै अनलाइन देखाइन्छ।

*विजेताको तथ्य सरकारी वेबसाइटबाट सङ्ग्रहित।

पंजाब नैशनल बैंक punjab national bank
...भरोसे का प्रतीक ! ...the name you can BANK upon !

सम्पत्ति रिकभरी मोनिटोरिङ शाखा, एन्.जे.पी (सिलगढ़ी)
युनाइटेड ब्यांक बिल्डिङ, दोस्रो तल्ला, हिल कार्ट रोड, सिलगढ़ी-७३४००१
(ईमेल: cs8289@pnb.co.in, फोन नम्बर. ०३५३-२४३२६६४)
परिशिष्ट-खत-ए (ऐन ८(६) को प्रावधान हेर्नुहोस्)

अचल सम्पत्तिको बिक्रीको लागि बिक्री सूचना

सुरक्षा ब्याज (प्रवर्तन) नियम, २००२ को नियम ८(६) को प्रावधानसहित पढ़िएको सुरक्षा ब्याज ऐन २००२ को वित्तीय सम्पत्ति एवम् प्रवर्तनको सुरक्षा र पुनर्निर्माण अन्तर्गत अचल सम्पत्तिको बिक्रीको लागि ई-लिलामी बिक्री सूचना। यसद्वारा सर्वसाधारणलाई र विशेषगरी ऋणी (हरू) र ग्यारेण्टर (हरू) लाई सूचना दिइन्छ कि सुरक्षित ऋणदातालाई बन्धकी राखिएको/चार्ज गरिएको तल वर्णन गरिएको अचल सम्पत्ति, जसको रचनात्मक/भौतिक/प्रतीकात्मक कब्जा ब्यांक/सुरक्षित ऋणदाताको अधिकृत अधिकारीले लिएको छ, सम्बन्धित ऋणी (हरू) र ग्यारेण्टर (हरू) बाट ब्यांक/सुरक्षित ऋणदाताको बाँकी रहेको रकम असुल गर्न तल तालिकामा उल्लेख गरिएको मितिमा जस्तो छ जहाँ छ, जस्तो छ जे छ, र जे छ त्यही छ मा बिक्री गरिनेछ। सम्बन्धित सम्पत्तिहरूको विरुद्धमा रिजर्भ मूल्य र धरौटी रकम तलको तालिकामा उल्लेख गरिए अनुसार हुनेछ।

सुरक्षित सम्पत्तिको तालिका

लट नम्बर	क) शाखाको नाम ख) एकाउण्टको नाम ग) ऋणीको नाम र ठेगाना/ग्यारेण्टरको एकाउण्ट	घ) बन्धकी राखिएको आल सम्पत्तिको विवरण/ मालिकको नाम (बन्धकी सम्पत्ति(हरू))	ङ) सरफेसी ऐन २००२ को १३(२) अन्तर्गत माग सूचनाको मिति च) बकाया रकम छ) सरफेसी ऐन २००२ को १३(४) अन्तर्गत कब्जा मिति ज) कब्जाको प्रकृति	क) आरक्षित मूल्य ख) ईएमडी (ईएमडी बुझाउने अन्तिम मिति) ग) बोली वृद्धि रकम	घ) ई-लिलामीको मिति/समय	ङ) सुरक्षित ऋणदाताहरूलाई थाहा भएको भारको विवरण
१.	क) गान्तोक शाखा (४०६८) ख) श्रीमती सीता सुब्बा पिता- श्री पुस बहादुर सुब्बा, ग) ठेगाना: डेन्जोङ सिनेमा हलको विपरित, लोअर एमजी मार्ग, लाल मार्केट, गान्तोक, सिक्किम, पिन-७३७१०१ सरकारी सी. सेकेण्डेरी स्कूल माथिल्तिर, अपर लुइङ (थामीडाड़ा-बोजोघारी बाई पास सड़क पछिल्तिर) रङ्का, पूर्व सिक्किम, सिक्किम, पिन-७३७१०३ एवम्, सी/ओ सेखमारी होटल, लुइङ सड़क पेट्रोल पम्प, डाक-बोजोघारी, गान्तोक, सिक्किम, पिन-७३७१०३	१) श्रीमती सीता सुब्बा पिता- श्री पुस बहादुर सुब्बाको नाममा जमीन अनि भवनको सबै टुक्रा र पार्सल, सेल डीड बुक नं. १ भोल. नं. २०, क्र. सं. ५७८ वर्ष २०१९, १९.०६.२०१९ मा पञ्जीकृत, सब रजिस्ट्रर, पूर्व सिक्किम, गान्तोकमा रेकर्ड, खतियान नं. १२३०, प्लट नं. २६९३/३२४४, जमीनको मोठ माप ०.०२३८ हेक्टर, लुइङ ब्लक, रंका इलाका, गान्तोक महकुमा, पूर्व सिक्किममा अवस्थित। **निम्नानुसार ब्यूटेड र सीमांकन गरिएको छ- पू:** अनिल छेत्री ५६, **प.:** लक्ष्मी पीडी प्रधान ५०, उ: सेलरको जमीन ५३ **द:** लाल कु. प्रधान ४४ **मालिक-** श्रीमती सीता सुब्बा	ङ) १३/१२/२०२३ च) रु. ९८,२७,२४९.५३ (१३(२) सूचनामा उल्लेख अनुसार) थप ब्याजसहित छ) ०४.०३.२०२४ ज) प्रतीकात्मक	क) रु. ७०,८९,०००/- ख) रु. ७,०८,९००/- (०३/०८/२०२६) ग) रु. २५,०००/-	घ) ०४.०८.२०२६ दिउँसो १२.०० बजीदेखि अपराह्न ४.०० बजीसम्म	ङ) थाहा छैन
२.	क) गान्तोक शाखा (४०६८) ख) श्री सन्तोष कुमार प्रसाद गुप्ता ग) ठेगाना- एसबीआई एटीएम नजिक, बोजोघारी, गान्तोक, पूर्वी सिक्किम,जिल्ला- पूर्वी सिक्किम, पिन - ७३७१०३, एवम् श्रीमती मुन्नी देवी ठेगाना: एसबीआई एटीएम नजिक, बोजोघारी, गान्तोक, पूर्वी सिक्किम, जिल्ला- पूर्वी सिक्किम, पिन - ७३७१०३	१) भवनको भूँइ तल्लामा १२०० वर्ग फिट्को एउटा र पहिलो तल्लामा अर्को १२०० वर्ग फिट्को आवासीय फ्ल्याटको सबै टुक्रा वा अंश, जसको समानुपातिक, अविभाज्य हिस्सा ०.०१५९ हेक्टर जमीनमा श्रीमती मुन्नी देवी प्रसाद पति- श्री सन्तोष कुमार प्रसाद @, सन्तोष कुमार प्रसाद गुप्ता-को नाममा रहेको, बिक्री डीड नम्बर ३४३३१० मार्फत, बुक नम्बर १ भोल नम्बर १३, क्र. सं. २८९, खतियान नम्बर ८४८, खसरा नम्बर ८०३/१३२८ मिति ०२-०२-२०१९ मा दर्ता गरिएको छ, जुन पूर्वी जिल्ला गान्तोक, बोजोघारी ब्लक अन्तर्गत, पेनलोङ इलाका, सब डिभिजन गान्तोक, पूर्वी सिक्किमको रजिस्ट्रारको कार्यालयमा रेकर्ड गरिएको छ। निम्नानुसार ब्यूटेड र सीमांकन गरिएको छ- **पू:** जाड्पो भुटिया। **प:** जाड्पो भुटिया। **उ:** जाड्पो भुटिया। **द:** जाड्पो भुटिया।	ङ) २३/११/२०२२ च) रु. १,२३,०३,८६०.७९/- (१३(२) सूचनामा उल्लेख अनुसार) थप ब्याजसहित छ) २१.०४.२०२३ ज) प्रतीकात्मक	क) रु. ८१,६०,०००/- ख) रु. ८,१६,०००/- (०३/०८/२०२६) ग) रु. २५,०००/-	घ) ०४.०८.२०२६ दिउँसो १२.०० बजीदेखि अपराह्न ४.०० बजीसम्म	ङ) थाहा छैन

नियम र शर्तहरू: बिक्री सुरक्षा ब्याज (प्रवर्तन) नियम २००२ मा तोकिएका नियम र शर्तहरू र निम्न थप शर्तहरूको अधीनमा हुनेछ: १. सम्पत्तिहरू **जहाँ छ जस्तो छ जहाँ छ, जस्तो छ जे छ, र जे छ त्यही छ** त्यस्तै आधारमा बिक्री गरिने छ। २. माथिको अनुसूचीमा निर्दिष्ट सुरक्षित सम्पत्तिहरूको विवरण अधिकृत अधिकारीको जानकारी अनुसार उल्लेख गरिएको छ, तर अधिकृत अधिकारी यस घोषणामा कुनै पनि त्रुटि, गलत विवरण वा छुटको लागि उत्तरदायी हुनेछैन। ३. बिक्री ०४.०८.२०२६ मा दिउँसो १२.०० बजीदेखि अपराह्न ४.०० बजीसम्म वेबसाइट https://baanknet.in मा प्रदान गरिएको ई-लिलामी प्लेटफर्ममार्फत हस्ताक्षरकर्ताद्वारा गरिनेछ। ४. बिक्रीको विस्तृत नियम र शर्तहरूको लागि, कृपया https://baanknet.in र www.pnbindia.in हेर्नुहोस्।

मिति: ०८.०७.२०२६ स्थान: सिलगढ़ी सरफेसी ऐन, २००२ को नियम ८(६) अन्तर्गत वैधानिक बिक्री सूचना

सही/- अधिकृत अधिकारी
पञ्जाब नेशनल ब्यांक

Printed & Published by Sandip Kumar Choudhary on behalf of Darpan Times Private Limited, Printed at Darpan Times Private Limited, Telanipara, PO. Sahudangihat, NJP, Bhaktinagar, Opp. Goyal Ware House, Jalpaiguri, West Bengal - 735135 and published at Santa Bhawan Complex, Near Diesel Power House, Gangtok, East Sikkim; Editor Bidyasagar Chhetri. RNI, Regn No: SKNEP/25/A1362